मितिः २०८२/१२/१५

समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०८२ साल चैत्र १५ गते आइतबारको दिन कैलाश गाउँपालिकाका अध्यक्ष श्री लोक बहादुर मुक्तानज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरू माथि छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

**उपस्थितिः**

| क.सं. | पदाधिकारीको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक बहादुर मुक्तान | अध्यक्ष | |
| २ | श्री बाल कुमार मल्ल ठकुरी | उपाध्यक्ष | |
| ३ | श्री तेज बहादुर ब्लोन | वडा अध्यक्ष, १ नं. वडा | |
| ४ | श्री राजेन्द्र तामाङ घिसिङ | वडा अध्यक्ष, २ नं. वडा | |
| ५ | श्री देव लाल बल | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६ | श्री तिलक बा. मोक्तान | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७ | श्री छेकु लामा | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८ | श्री राम बहादुर गोम्बा | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९ | श्री उदास कु. भोलन | वडा अध्यक्ष, ७ नं. वडा | |
| १० | श्री आशिष प्रजा | वडा अध्यक्ष, ८ नं. वडा | |
| ११ | श्री भुवन सिं घलान | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२ | श्री सूर्य बहादुर ब्लोन | वडा अध्यक्ष, १० नं. वडा | |
| १३ | श्री दिल माया प्रजा | कार्यपालिका सदस्य | |

# कैलाश गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कालिकाटार, मकवानपुर

कार्यपालिकाको बैठक

अध्यक्षता — लोक बहादुर मोक्तान

मितिः २०८२/१२/१५ समयः दिनको ११:०० बजे

स्थानः कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर ।

बैठकका एजेन्डाहरु

१. कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा,

२. सार्वजनिक सुनुवाई सम्बन्धमा

३. एलजिपास सम्बन्धमा, LGPASS

४. विविधः

- क. चन्दा संकलन सम्बन्धमा
- ख. योजना कार्यन्वयन र संशोधन सम्बन्धमा
- ग. बाटोको लगतकट्टा सम्बन्धी सूचना प्रकाशन सम्बन्धमा
- घ. बाटोको लगतकट्टाको सूचना प्रकाशन सम्बन्धमा
- ङ. दहत्तर बहत्तरको ठेक्का सम्बन्धमा
- च. राजश्व परामर्श समितिको प्रक्षेपण सम्बन्धमा।

| | | | |
|---|---|---|---|
| १४ | श्री सुन्तली सुनुवार | कार्यपालिका सदस्य | [illegible] |
| १५ | श्री बुद्धिलाल सुनार | कार्यपालिका सदस्य | बुद्धिलाल |
| १६ | श्री सम्झना गोले | कार्यपालिका सदस्य | सम्झना |
| १७ | श्री गोरी माया वुलुन | कार्यपालिका सदस्य | गोरी माया |
| १८ | श्री राम माया प्रजा | कार्यपालिका सदस्य | Ram |
| १९ | श्री राम प्रसाद शर्मा | | [illegible] |

## निर्णयहरु

**निर्णय नं. १**- मिति २०८२ फागुन ०४ गतेको कार्यपालिकाका निर्णयहरुको कार्यन्वयनको स्थितिको विषयमा छलफल र समिक्षा गरियो । कार्यन्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २** — चालु आर्थिक वर्षको तेश्रो त्रैमासिक अवधीको सार्वजनिक सुनुवाई कार्यक्रम तपसिलको मिति, समय र स्थानमा सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

क. मिति २०८३/०१/०७ गते,

स्थानः- ९ नं. वडा कार्यालय (वडा नं. ३, ४, ७, ८, ९, १० कार्यालय अन्तर्गतको लागि)

ख. मिति २०८३/०१/०७

स्थानः- १ नं. वडा कार्यालय (वडा नं. १, २, ५ र ६ कार्यालय अन्तर्गतको लागि)

**निर्णय नं. ३** — LGPAS (Local Governance Performance Assessment System) स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणालीको लागि आ.व. २०८१/८२ मा गाउँपालिकाले देहाय बमोजिमका क्षेत्रहरुमा देहाय बमोजिमको प्रारम्भिक नतिजा अंक प्राप्त गरेकोले उक्त प्राप्तांक सहित पृष्ठपोषणको लागि जिल्ला समन्वय समितिमा पठाउने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | विषय क्षेत्र | प्राप्तांक | कैफियत |
|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास | २९.२ | |
| २ | सामाजिक विकास | १०.८ | |
| ३ | आर्थिक विकास | ७.३ | |
| ४ | पूर्वाधार | ५.६ | |
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ४.५ | |
| | जम्मा प्राप्तांक | ५७.४ | |

**निर्णय नं. ४**- गाउँपालिकाको वि.पि. स्मृति आधारभुत अस्पतालको परिसरको जग्गाको मुआव्जा जिल्ला प्रशासन कार्यालयबाट निर्धारण भईसकेकोमा जग्गा धनीले गाउँपालिका क्षेत्र वरपरको जग्गाको मुल्य अत्यन्त न्यून कायम भई मलाई नोक्सान पर्न गएको भनी पटक पटक गुनासो गर्ने गरेकोले गाउँपालिकामा कार्यरत कर्मचारी, जनप्रतिनिधी, गैरसरकारी संघ/ संस्था, ईच्छुक व्यक्तिहरुलाई चन्दा सहयोग गर्न आव्हान गरी चन्दाबाट उठेको रकम निज जग्गाधनीलाई उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५- चालु आ.व. मा स्वीकृत तपसिल बमोजिमका आयोजनाहरु तपसिल बमोजिम संशोधन / थप / कार्यन्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | चालु आ.व. मा स्वीकृत आयोजनाको विवरण | विनियोजित रकम | संशोधित / नयाँ / स्वीकृत आयोजना / आयोजनाबाट हुने काम | विनियोजित रकम | खरिदको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | मकवानपुर जिल्ला कैलाश गाउँपालिका वडा नं. २ तामाङ समुदायको ऐतिहासिक एवं सांस्कृतिक बैकुण्ठ गाउँ बस्ती विकास कार्यक्रम अन्तर्गत पूर्वाधार स्तरोन्नती कार्य | ४० लाख | उपभोक्ता समिति मार्फत बौद्ध धर्मसंग सम्बन्धीत स्वयंभुमा रहेको स्तुपा जस्तै स्तुपा निर्माण गर्ने | ४० लाख | उपभोक्ता समिति | संघीय सरकार सशर्त अनुदान |
| २ | कैलाश बैकुण्ठ पर्यटन पुर्वाधार निर्माण | ९ लाख | हवाईजहाजको मुर्ति निर्माण | ९ लाख | उपभोक्ता समिति | वडा नं. २ |
| ३ | स्यामराङ्ग मरनघाट योजना (वडा नं. १०) | ३ लाख | अम्बोटे बागुने सडक ट्र्याक ओपन योजना (वडा नं. १०) | ३ लाख | उपभोक्ता समिति | थप रकम |
| ४ | कालीमाटी माथिल्लो बरेटार सडक स्तरीकरण | ३ लाख | दमार ढुंगा जैसीडाँडा सडक निर्माण | ३ लाख | उपभोक्ता समिति | संशोधन |
| ५ | कालिकाटार थोक्रे खानेपानी योजना | ४ लाख | कालिकाटार बजार बैकल्पिक सडक थप रकम | ४ लाख | उपभोक्ता समिति | थप रकम. |
| ६ | LDCRF निर्माण | ५ लाख | भु-उपयोग क्षेत्र वर्गीकरण | २ लाख | परामर्श सेवा खरिद | चालु आ.व. मा स्वीकृत रकममा थप रकम |

**निर्णय नं. ६** — सार्वजनिक सडकमा परेको नीजि ज[illegible]ट्टा सम्बन्धी कार्यविधी -२०८२ स्वीकृत गर्ने ।

**निर्णय नं. ७** - चालु आ.व. मा विनियोजित रकमबाट सार्वजनिक बाटोको लगत कट्टा गर्ने प्रकृया अगाडी बढाउन सार्वजनिक बाटोको लगतकट्टा सम्बन्धी कार्यविधि, २०८२ बमोजिम सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. ८** — वडा नं. २, बैकुण्ड बस्ने श्रीलाल घिसिङ्गको छोरा अनिष घिसिङ्गको २०८२ असोजमा परेको अविरल बर्षाको कारण घर भत्किएर बस्न समस्या भएको र निजको आर्थिक अवस्था कमजोर रहेकोले वडा कार्यालयको सिफारिस र निजको निवेदनको आधारमा निजको आवास निर्माणको लागि रु ६६,८२०/- विपद् व्यवस्थापन कोषबाट आर्थिक सहायता उपलब्ध गराउने सर्व सम्मत निर्णय गरियो ।

**निर्णय नं. ९** — दहत्तर बहत्तर बोलपत्र सम्बन्धी मिति २०८२/१०/०४ गते सूचना प्रकाशन गरिएकोमा कुनैपनी बोलपत्र पेश हुन नआएकोले पुनःबोलपत्र आव्हान गर्ने तथा कैलाश बैकुण्ठ जिपलाईन सञ्चालन/प्रयोग शुल्क संकलनको आय ठेक्का दुइ पटक सिलबन्दी दरभाउ पत्र आव्हान गर्दा समेत कुनैपनी दरभाउ पत्र प्राप्त नभएकोले आ.व. २०८२/८३ को लागि आमानत मार्फत शुल्क संकलन गर्ने सर्व सम्मत निर्णय गरियो।

**निर्णय नं. १०** — नेपालको संविधान तथा स्थनीतय सरकार संचालन ऐन, २०७४ बमोजिम राजश्व परामर्श समितिबाट आ.व. २०८३/८४ को लागि पेश हुन आएको राजश्व श्रोत, दायरा र दर समेतको विश्लेषण स्विकृत गरी जानकारीको लागि प्रक्षेपणको तथ्याङ्क विवरण संघ र प्रदेश अर्थ मन्त्रालयमा पेश गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत